*लघुकथा*

# बलात्कार

**कृष्ण बजगाईं**

अचानक अति राम्री युवतीको मृत्यु भयो । मृत्युलाई लिएर विभिन्न चर्चा-परिचर्चा चल्न थाल्यो । बाहिरी मान्छेको दवाबमा पोष्टमार्टम गराइनु पर्ने भयो । डाक्टरले मृत युवतीको शवलाई पोष्टमार्टमका लागि भित्री कोठामा लगे ।

बाहिर मृतकका आफन्त, शुभ-चिन्तक लगायत रमितेहरुको भीड जम्मा हुनथाल्यो । ‘‘यस युवतीले आत्महत्या गरेको हुनुपर्दछ’’- भीडको एउटा टाउको बोल्यो । ‘‘हैन यिनको हत्या गरिएको हो’’- भीडको अर्को टाउको चल्यो । ‘‘मृतकको आत्माले शान्ति पाउँदैन त्यसरी नभन । यिनलाई त भगवानले टपक्क टिपेर लग्या हो । कस्तो राम्रो मरण’’- बूढो टाउकोले सहानुभूति प्रकट गऱ्यो । त्यसैबीच एउटा अराजक टाउकोले घोषण गऱ्यो- ‘‘यो केटीमाथि बलात्कार भएको छ।’’ त्यसपछि भीडका सबै टाउकाहरु बोल्न थाले- ‘‘बलात्कारीलाई फाँसी दे...... फाँसी दे......फाँसी दे.......!

पोष्टमार्टमको रिपोर्ट लिएर डाक्टर भीड नजिक आइ रिपोर्ट सुनाउँदै थिए । उता भीड चिच्याउँदै नारा लगाउन थाल्यो बलात्कारीलाई फाँसी दे......फाँसी दे......फाँसी दे......! डाक्टरले कड्केर भने- ‘‘रिपोर्ट सुन्नुहोस....!’’ रिपोर्ट भनेपछि भीड अलि शान्त भयो । डाक्टरले भन्न सुरु गरे- ‘‘मृत्यु पश्चात चाहिं यस युवतीको बलात्कार भएको छ ।’’ भीड फेरि चिच्याउन थाल्यो- ‘‘बलात्कारीलाई फाँसी दे.....फाँसी दे.....फासी दे.......!’’ ‘‘चुप लाग्नोस् ! त्यो बलात्कारी तपाईहरु हो’’- डाक्टर कड्के । ‘‘कसरी ?’’- भीडले सोध्यो । ‘‘हृदयगति बन्द भएर मरेकी युवतीको मृत्युलाई तपाईहरु व्याख्या-अपव्याख्या गरी उनको इजजतमाथि जो बलात्कार गरिरहनु भएको छ’’- डाक्टरका कुरा सुनि भीडका टाउकाहरु शरमले निहुरिए । भीड क्रमशः घट्यो ।

*बेल्जियम*